# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र


## खण्ड ९, संख्याः १८, पौष २५ गते, २०८२ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका नगर प्रहरी नियमावली (दोस्रो संशोधन), २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२।९।२२

व्यास नगरपालिका नगर प्रहरी नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम व्यास नगरपालिकाको कार्यपालिकाबाट व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुने गरी तपसिल बमोजिम संशोधन गरेको छ :

| सि.नं. | साविकमा भएको प्रावधान | संशोधन/थप गरिएको |
|---|---|---|
| १. | नियम ५ (१) सभाले तोकेको पद र तह रहने छन् । | नगर सभाबाट दरबन्दी स्वीकृत गर्ने गरी निम्न पद र तह रहने छन् ।<br>(क) नगर प्रहरी सहायक निरीक्षक (सहायकस्तर चौथो)<br>(ख) नगर प्रहरी वरिष्ठ हवल्दार (सहायकस्तर तृतीय अतिरिक्तमान)<br>(ग) नगर प्रहरी हवल्दार (सहायकस्तर तृतीय)<br>(घ) नगर प्रहरी सहायक हवल्दार (सहायकस्तर द्वितीय)<br>(ङ) नगर प्रहरी जवान (सहायकस्तर प्रथम) |
| २. | नियम ८ (१) नगर प्रहरीको देहाय बमोजिमका पदहरुको पूर्ति साधारणतया खुल्ला प्रतियोगिताद्वारा नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्वारा पूर्ति गरिनेछ : | नगर प्रहरीको देहाय बमोजिमका पदहरुको पूर्ति साधारणतया खुल्ला प्रतियोगिता तथा बढुवाद्वारा पूर्ति गरिनेछ :<br>(क) नगर प्रहरी सहायक निरीक्षक (Assistant Sub-inspector) |

| सि.नं. | साविकमा भएको प्रावधान | संशोधन/थप गरिएको |
|---|---|---|
| | (क) नगर प्रहरी नायव निरीक्षक (Sub-inspector)<br>(ख) नगर प्रहरी सहायक निरीक्षक (Assistant Sub-inspector)<br>(ग) नगर प्रहरी जवान | (ख) नगर प्रहरी जवान |
| ३. | नियम १० (१) नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदमा पचास प्रतिशत खुल्ला प्रतियोगिताद्वारा र बाँकी पदहरुमा बढुवाद्वारा पदपूर्ति गरिनेछ । | नगर प्रहरी सहायक निरीक्षक पदमा पचास प्रतिशत खुल्ला प्रतियोगिताद्वारा र बाँकी पदहरुमा बढुवाद्वारा पदपूर्ति गरिनेछ । |
| ४. | नियम ११ (१) नगर प्रहरी नायव निरीक्षक, नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदमा नियुक्तिको लागि देहायबमोजिमको आधारमा छनौट गरिनेछ : | नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदमा नियुक्तिको लागि देहाय बमोजिमको आधारमा छनौट गरिनेछ : |
| ५. | नियम १२ (१) नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्ने छन्: | नगर प्रहरी सहायक निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्न लिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्ने छन् : |
| ६. | नियम १४ (१) नगर प्रहरी नायव निरीक्षक, नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा शारिरिक तन्दुरुस्ती वापत ५० पूर्णाङ्कको परीक्षा लिइनेछ र सोमा उत्तीर्ण हुने उम्मेदवारलाई व्यास नगरपालिका करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ अनुसार अन्य परीक्षा लिइनेछ । | नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा शारिरिक तन्दुरुस्ती वापत ५० पूर्णाङ्कको परीक्षा लिइनेछ र सोमा उत्तीर्ण हुने उम्मेदवारलाई व्यास नगरपालिका करार कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ अनुसार अन्य परीक्षा लिइनेछ । |
| ७. | नियम १६ (१) नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अङ्कको आधारमा कायम गरिनेछ । | नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अङ्कको आधारमा कायम गरिनेछ । |

आज्ञाले

(सुकदेव लम्साल)

प्रमुख प्रशासकीय अधिकृत